नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाडौं

प.सं. २०७६/०७७
च.नं. २४२५

मिति: २०७७/०३/२५

विषय: कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धमा ।

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै ।

श्री मालपोत कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा यस विभाग र अन्तर्गतका कार्यालयहरुमा हुने कर्मचारी सरुवा र पदस्थापनलाई निश्पक्ष, न्यायोचित, पारदर्शी र अनुमानयोग्य बनाई कर्मचारीको खटन पटनलाई व्यवस्थित बनाउन विभाग लागिपरेको छ । कर्मचारीले आफ्नो सरुवाको लागि सास्ती हैरानी खेप्नु नपरोस्, यसमा कसैको चलखेल नहोस् र सरुवा एक निश्चित पद्धतिमा आधारित भई विवादरहीत होस् भन्ने उद्देश्यका साथ विधिमा आधारित न्यायोचित सरुवा प्रणालीले कर्मचारीलाई उच्च मनोबलका साथ सेवा प्रवाहमा खटिन प्रोत्साहन गर्दछ भन्ने मान्यता विभागले लिएको छ । यसै सन्दर्भमा पछिल्लो समयमा कर्मचारी सरुवालाई व्यवस्थित तुल्याउन विभागले देहायको कार्यप्रणाली अवलम्बन गरेको छः

१. कर्मचारी सरुवासम्बन्धी निवेदन email वा online मार्फत मात्र लिने गरिएको ।
२. सरुवा र पदस्थापनको लागि सम्बन्धित कर्मचारी बाहेक अन्य दोस्रो वा तेस्रो व्यक्ति/पक्षले दिएको निवेदन दर्ता स्वीकार नगरिने ।
३. कर्मचारी कार्यरत कार्यालयको प्रमुखलाई सोधेर वा जानकारी गराएर मात्र कर्मचारीको सरुवा गर्ने।
४. मिलेसम्म कर्मचारीलाई घरपायक सरुवा गर्ने, नसके सम्बन्धित कर्मचारीलाई कारण सहित जानकारी गराउने र अर्को पटकको लागि प्राथमिकतामा राख्ने ।
५. सरुवा निवेदन प्राप्त भएपछि दरबन्दी खाली रहेको वा सरुवा गर्न मिल्ने अवस्थामा अविलम्ब सरुवा गरी सोको जानकारी तत्काल कर्मचारीलाई दिने ।
६. दुर्गम स्थानका कार्यालय रोज्न कर्मचारीलाई प्रोत्साहन गर्ने, त्यसरी खटिने कर्मचारीलाई निश्चित अवधि पश्चात माग बमोजिम सुगम कार्यालयमा सरुवा गर्ने ।

तसर्थ, यस भूमि व्यवस्थापन तथा अभिलेख विभाग र अन्तर्गतका कार्यालयहरुमा आन्तरिक वा अन्य निकायबाट सरुवा हुन चाहने कर्मचारीहरुले देहाय बमोजिम गर्नुहुन जानकारी गराउँदछु:

१. सरुवा निवेदन र कागजात ई-मेल ठेगाना: info@dolma.gov.np वा dg@dolma.gov.np मा ईमेल गर्न सकिने ।
२. Online निवेदनका लागि विभागको website:www.dolma.gov.np मा गई **"कर्मचारी सरुवा निवेदन"** मा क्लिक गरी निवेदन दिन सकिने ।
३. विभागको फ्याक्स नं. ०१-४२०५८५ मा फ्याक्स गर्न सकिने ।

पुनश्चः कर्मचारीका जायज र कार्यान्वयनयोग्य माग विभागले नै संवोधन गर्ने हुनाले अनावश्यक भनसुन गराउने तथा दवाव दिन लगाउने कर्मचारीलाई विभागले नकारात्मक सूची (Negative List) मा राखी कारवाही गर्नेछ ।

२०७७/३/२५
(शेषनारायण पौडेल)
महानिर्देशक